CCD
Centre for Constitutional Dialogue
संवैधानिक संवाद केन्द्र

Constitution Building e-Bulletin

A quick and easy way to update yourself on the latest CCD news.

प्रिय पाठकवृन्द,

वर्ष १ अङ्क ३ मे २०१० (बैशाख-जेठ २०६७) को संविधान निर्माण इ-बुलेटिन तपाईं सामु प्रस्तुत छ । यसभित्र नेपालमा संविधान निर्माणको क्षेत्रमा कार्य गरिरहेका व्यक्तिका साथै नयाँ संविधानतर्फ नेपालको द्रुत प्रगतिबारे आफूलाई अद्यावधिक राख्न चाहने अन्य नागरिकका निम्ति पनि रूचिपूर्ण एवं सान्दर्भिक जानकारी र श्रोत सामग्री संलग्न छन् । संविधान सभा, संयुक्त राष्ट्रसंघ, दातृ समुदाय, सञ्चार माध्यम, नागरिक समाज संगठन, अन्तरराष्ट्रिय गैसस र अन्य निकायसँगको सामञ्जस्यताबाट यो जानकारी निर्माण गरिएको हो । सहज पहुँचका लागि यो जानकारी संवैधानिक संवाद केन्द्र को वेबसाइटमा पनि राखिनेछ । तपाईंले आगामी दिनका अद्यावधिक जानकारी र वेबसाइटका लागि कुनै सहयोगी सामग्री वा जानकारी दिनचाहनुभएमा सो सामग्री यस केन्द्रको सञ्चार टोलीलाई उपलब्ध गराइदिन हुन प्रेरित गर्दछौं । कृपया आफूसँग भएको जानकारीलाई आवश्यक सन्दर्भ सामग्री र वेब लिङ्क सहित info@ccd.org.np मा पठाउनुहोला ।

अङ्क ३ यहाँको निम्ति रोचक र लाभदायी रहनेछ भन्ने आशा गर्दछौं ।

यहाँहरूकै,

संवैधानिक संवाद केन्द्र (सीसीडी)

यो इ-बुलेटिनमा

❖ संविधान सभामा के हुँदैछ

❖ संवैधानिक संवाद केन्द्रमा के हुँदैछ

❖ संविधानसभा सदस्य इन्द्र माया गुरुङसँगको अन्तर्वार्ता

- एसपीसीबीएनको नागरिक समाज परियोजनाका क्रियाकलाप
- बीबीसी विश्व सेवा ट्रष्टका क्रियाकलाप
- संविधान निर्माणसम्बन्धी श्रोतसामग्री एवं पछिल्ला प्रकाशनहरू

संविधान सभामा के हुँदैछ

१. २८ मे (जेठ १४) मा संविधान सभाको दुई वर्षे कार्यादेशको म्याद समाप्त हुन दुई हप्तामात्र बाँकी हुँदा संविधान सभाका सभामुख सुवासचन्द्र नेम्वाङले राजनीतिक दलहरुको सहमति भएमा संविधानसभाको अवधि थप्न कुनै कानुनी र संवैधानिक बाधा नभएको प्रष्ट पार्नु भएको छ । यसैगरी संवैधानिक समितिका सभामुख निलाम्बर आचार्यले पनि जेठ १४ पछि संविधान सभाको म्याद थप्नका निम्ति अन्तरिम संविधानमा संशोधनको आवश्यकतालाई औँल्याउनु भएको छ । भर्खरैको ऐतिहासिक निर्णयमा सर्वोच्च अदालतले अन्तरिम संविधानमा समावेश भएका सङ्घीय संरचना, गणतन्त्रवाद, स्वतन्त्र न्यायपालिका र मानव अधिकारसँग सम्बन्धित प्रावधान बाहेक अरु कुनै पनि प्रावधानलाई व्यवस्थापिका-संसदको दुई-तिहाई बहुमतका आधारमा संशोधन गर्न मिल्ने बताएको छ ।

२. प्राप्त विवरण अनुसार नेपाली काँग्रेस र नेकपा-एमालेले अन्तरिम संविधानको संशोधनद्वारा संविधान सभाको कार्यादेशलाई एक वर्ष लम्ब्याउने प्रस्ताव राखेका छन् । सरकारले अन्तरिम संविधानको आठौँ संशोधनका लागि विधेयक दर्ता गर्ने तयारी गरिरहेको छ । यसका लागि व्यवस्थापिका-संसदको दुई-तिहाई बहुमतको आवश्यकता पर्छ । साथै प्रक्रियागत कदम पुरा हुन कम्तिमा पनि सात दिन लाग्छ ।

३. अन्तरिम संविधानको संशोधन गरेर कार्यादेशलाई लम्ब्याउनुको सट्टा उपलब्ध अन्य विकल्प, जस्तै ताजा संविधान सभाको छनौटका लागि अर्को चुनाव संचालनले पनि व्यापक राजनीतिक समर्थन पाएन । यो धेरै प्राविधिक र प्रबन्धीय झमेलामा पनि पर्ने थियो ।

४. प्रधानमन्त्रीलाई पद छोड्न दवाब बढीरहेको छ, जुन दवाब उनकै दल एमालेबाट पनि आइरहेको छ । यसअघि अविश्वासको प्रस्ताव तयार गरिराखेका भनिएका माओवादीले नयाँ सरकारका लागि संविधान सभा सदस्यको झिनो बहुमत भन्दा बढीको समर्थन हुनुपर्ने भन्दै आफुलाई यस्तो प्रक्रियाबाट अलग्गचाएका छन् । माओवादीको राष्ट्रव्यापी आमहडतालको स्थगनपछि एमाले र नेपाली काँग्रेसका नेताले राष्ट्रीय सहमतीय सरकारको बाटो खुलाउन माओवादीका सैन्य र अर्धसैन्य संरचनाहरुको विघटन र कब्जा गरिएको सम्पूर्ण सम्पत्ति हस्तान्तरण जस्ता पुर्व शर्तको हुनुपर्नेमा जोड दिँदै आएका छन् । एनेकपा (माओवादी) को अगुवाईमा दश राजनीतिक दलले प्रधान मन्त्री माधव कुमार नेपालको राजीनामा माग गर्दै संयुक्त वक्तव्य जारी गरेका छन् ।

५. राष्ट्रिय मानव अधिकार आयोगले ९ मे (२६ बैशाख) मा राजनीतिक दलहरुलाई सहमतिमा आउन र समयमै संविधान जारी गरेर देशमा शान्ति ल्याउन अपिल गरेको छ । संविधान जारी गर्ने र शान्ति प्रक्रियालाई उचित निश्कर्षमा पुऱ्याउने नै उनीहरुको प्रमुख दायित्व रहेको तथ्य दलहरुलाई सम्झाउँदै संवैधानिक अधिकार निकायले उनीहरुलाई अहिलेका कार्यमा ध्यान दिन आग्रह गऱ्यो ।

६. गएका हप्ताहरुमा मस्यौदा लेखनको औपचारिक प्रक्रिया ज्यादै कम अघि बढेको छ । समिति प्रतिवेदन अध्ययन समिति(ग्याप्स एण्ड ओभरल्याप्स कमिटी)ले दशवटा विषयगत समिति र संवैधानिक समितिको सम्पूर्ण मस्यौदाका प्रावधानको अध्ययन गरेको छ । प्रमुख राजनीतिक दलहरुसँगको सहमति पश्चात् संविधान सभाको पूर्ण बैठकले ११ वटा मध्ये ३ वटा प्रतिवेदनलाई अन्तिम मस्यौदा लेखनका लागि संवैधानिक समितिलाई पेश गरेको छ । संविधान सभाको पूर्णसत्रले ११ वटै समितिका प्रतिवेदनलाई आवश्यक संशोधन गरेर संवैधानिक समितिलाई हस्तान्तरण गरेपछि मात्र सो समितिले संविधानको मस्यौदा तयार पार्न सक्छ । यो प्रक्रियाको गति बढाउन बाँकी रहेका अवधारणा पत्रलाई सर्वसम्मति नभई बहुमतको आधारमा अघि बढाउने माओवादीको सुझावलाई हालसम्म अन्य प्रमुख राजनीतिक दलले मान्यता दिएका छैनन् ।

७. संविधान निर्माण प्रक्रियाभित्रको अगुवाइ लगभग पूर्णतया तीन प्रमुख दल (एनेकपा/माओवादी, नेपाली काँग्रेस र एमाले) को हातमा देखिन्छ, जसले संयुक्त रुपमा संविधान सभाको दुई तिहाई भन्दा बढी सिट ओगटेका छन् । तर अन्य दलहरु र विशेष गरी बाँकी सबै साना दलहरुभन्दा बढी स्थान ओगटेका तीन मधेशी दलहरुले यो प्रक्रियाामा प्रमुख दलहरुले गर्दै आएको नियन्त्रणमा बढ्दो आपत्ति व्यक्त गर्न थालेका छन् । यसलाई तीन-दलीय उच्च स्तरीय राजनीतिक संयन्त्रमा देख्न सकिन्छ । यी साना दलहरुको एकत्रित आवाज उठाउनका लागि चाहिने संयन्त्र (२२ दलको कःकस) का लागि छलफल जारी छ ।

८. डा. कृष्ण भट्टचनको अगुवाई रहेको आदीवासी/जनजाती बृहत मोर्चाले गत ६ मे (२३ वैशाख) मा सात बुँदे प्रेस वक्तव्य जारी गऱ्यो । यसले तीन प्रमुख राजनीतिक दलका बीचमा सहमति कायम गर्दा आइएलओ १६९, यूएनडीआरआइपी तथा अन्य अन्तराष्ट्रिय कानून र मानव अधिकार कानून को सुनिश्चित कार्यान्वयन हुनुपर्नेमा जोड दिएको छ । साथै आदिवासी जनताको अधिकार सुनिश्चित नभएसम्म आफ्नो आन्दोलन जारी रहने पनि उल्लेख गरेको छ ।

९.एनेकपा/माओवादी, नेपाली काँग्रेस र एमालेले सङ्घीयताको संरचना र विशेषतः सङ्घीय इकाइको सङ्ख्या र नामका मुद्दाको छिनोफानो गर्न सैद्धान्तिक रुपमा उच्च स्तरीय राज्य पुर्नसंरचना समिति गठन गर्न सहमति व्यक्त गरेका थिए । तर दलहरु उक्त समितिको नेतृत्व, सदस्यता र कार्य क्षेत्रका बारे सहमत हुन नसकेकाले यसको काममा ढिलाई भइरहेको छ ।

१०. राज्यको शासकीय स्वरुप निर्धारण सम्बन्धमा संविधान सभा समितिले प्रस्ताव गरेको तीन प्रतिशत सीमा प्रावधानप्रति तेह्र साना दलले असहमति जनाएका छन् । प्रस्तावका अनुसार राष्ट्रव्यापी चुनावमा तीन प्रतिशत भन्दा बढी मत प्राप्त गर्न सफल दलले मात्र संसदमा प्रतिनिधित्व गर्न पाउनेछन् ।

संवैधानिक संवाद केन्द्रमा के हुँदैछ

क. गोष्ठी श्रृङ्खला

- सिसिडीमा २ अप्रिल २०१० (२० चैत्र २०६६) मा डा. ओम गुरुङ र काशी राज दाहालद्वारा संयुक्त रुपमा **राजनैतिक अग्राधिकार र समानताको अधिकार** विषयक गोष्ठी प्रस्तुत गरियो । डा. गुरुङले आफ्नो प्रस्तुतिमा ती राजनैतिक अग्राधिकारमाथि जोड दिनुभयो जुन ऐतिहासिक रुपमा विभेद र बहिष्करणमा परेका समूहहरुलाई नीति निर्माणको तहसम्मकोमा सहभागिता सुनिश्चित गर्न आवश्यक पर्दछन् । तर दाहालले नेपालमा समताको लागि सकारात्मक विभेद र सकारात्मक पहलका कार्यक्रम आवश्यक रहेको बताउनुभयो । समानता भन्ने शब्दलाई सापेक्षिक रुपमा व्याख्या गरिनुपर्ने विचार पनि उहाँले राख्नुभयो ।

- ५ अप्रिल २०१० (२३ चैत्र २०६६) मा बदर फारुखले **सङ्घीय व्यवस्थामा प्रहरी सुधार : दक्षिण एसियाको अनुभव** शीर्षकमा गोष्ठी प्रस्तुत गर्नुभयो । फारुखले पाकिस्तानको सङ्घीय प्रहरी प्रणालीका बारेमा आफ्ना अनुभव बाँड्नुभयो । उहाँले भारतको प्रहरी व्यवस्थाका बारेमा पनि चर्चा गर्नुभयो जुन नेपालका लागि उदाहरण हुन सक्छ । उहाँले सरकारका लागि प्रहरी अति आवश्यक रहेको विचार राख्नुभयो र संविधानले हरेक तहका सरकार अन्तर्गत रहने प्रहरीको काम, कर्तव्य र जिम्मेवारी प्रष्ट रुपले उल्लेख गर्नुपर्ने बताउनुभयो ।

- १६ अप्रिल २०१० (३ बैशाख २०६७) मा **पिछडिएका वर्गको संवैधानिक अधिकार** विषयक शीर्षकमा अन्तरक्रिया कार्यक्रमको आयोजना भयो । वि.सं.२०५८ को जनगणना अनुसार नेपालका २० प्रतिशत जनता मात्र पिछडिएका वर्गमा पर्ने भनिएता पनि यो वर्ग अन्तर्गत ३६ वटा जाति र जनसङ्ख्याको लगभग ३६ प्रतिशत पर्ने तथ्यमा सबै सहभागी सहमत भए । हरेक राष्ट्रिय समुदायलाई राष्ट्रिय मूलधारमा अर्थपूर्ण रुपमा सम्मिलित गराउन सके मात्र यसले मूलूकको वर्तमान परिस्थितिको समाधानका लागि वास्तविक र विश्वसनीय भूमिका खेल्न सक्छ । यसले एक वर्ष

लामो गतिरोध र प्रतिकुलतालाई टुङ्ग्याएर नयाँ नेपाल निर्माणको लागि मार्गदर्शन गर्न सक्छ ।

- नीलकण्ठ उप्रेतीद्वारा १९ मार्च २०१० (६ चैत्र २०६६) मा **नयाँ संविधान पछिको चुनाव** विषयक गोष्ठी प्रस्तुत गरियो । उप्रतीले अप्रिल २००८ (बैशाख २०६५) को संविधान सभा चुनाव, नेपाल निर्वाचन आयोगको नीतिगत योजना २००९ (२०६५/६६), निर्वाचन चक्र, तस्वीर सहितको मतदाता नामावली, मतदाता शिक्षा, कानूनी ढाँचा, बाह्य नीतिगत मुद्दा र चुनौतीका बारेमा बोल्नुभयो । उहाँले संस्थागत प्रभावकारिता र व्यस्थापनमा वृद्धि गर्न निर्वाचन आयोगको नीतिगत योजना, तस्वीर सहितको मतदाता परिचयपत्र, निरन्तर मतदाता दर्ता र निर्वाचनीय ढाँचा तथा न्यायिक पूर्नगठनको महत्व औँल्याउनुभयो ।

- सन्तोष सिग्देल र सविना भण्डारी बरालले २० अप्रिल २०१० (७ बैशाख २०६७) मा संयुक्त रुपमा **सूचनाको अधिकार** विषयक गोष्ठीपत्र प्रस्तुत गर्नुभयो । सिग्देलले नयाँ संविधानमा सूचनाको अधिकारलाई मौलिक अधिकार अन्तर्गत समेटिनुपर्ने र प्रत्येक व्यक्तिको सबै किसिमका सार्वजनिक सूचनामा पहुँच हुनुपर्ने बताउनुभयो । यसैगरी भण्डारी बरालले आन्तरिक संविधानको धारा २३ (सूचनाको अधिकार) को संशोधन गरिनु पर्ने र नागरिकहरु कुनै पनि किसिमको सार्वजनिक सूचना प्राप्त गर्नबाट वञ्चित हुन नहुने विचार राख्नुभयो ।

- **आर्थिक विकासमा गैरआवासीय नेपालीको भूमिका** विषयमा २७ अप्रिल २०१० (१४ बैशाख २०६७) मा डा. हेमन्त दवाडीले विचारगोष्ठी प्रस्तुत गर्नुभयो । डा. दवाडीले नेपालमा अवसर र सम्भावना भएकाले गर्दा र यो भन्दा पनि बढी उनीहरुको प्रतिष्ठा नेपालको विकाससँग जोडिएको हुँदा गैरआवासीय नेपालीले फर्केर यहीँ लगानी गर्न चाहने बताउनुभयो । तर नेपाल सरकारले पनि उनीहरुको लागि लगानी योग्य वातावरणको सिर्जना गर्नुपर्छ । डा. दवाडीले विदेशमा गैरआवासीय नेपालीहरुले नेपालको पर्यटन र संस्कृतिको प्रवर्द्धन गरेर तथा विदेशको ज्ञान र प्रविधिलाई नेपालमा हस्तान्तरण गरेर मध्यस्थकर्ताको भूमिका खेल्न सक्ने बताउनुभयो ।

ख. अङ्ग्रेजी भाषा तालिम

सिसिडीले संविधान सभा सदस्यलाई प्रदान गर्ने अङ्ग्रेजी भाषा तालिमलाई निरन्तरता दिदैँ छ । हाल प्राथमिक र पूर्व-माध्यमिक श्रेणीका कक्षा जारी छन् । प्रत्येक समूहमा १० संविधान सभा सदस्य छन् । भाषा तालिमको हरेक श्रेणी ६० घण्टाको हुन्छ ।

ग. अन्य सम्मेलन तथा विचारगोष्ठी (सिसिडीमा आयोजित तर यसले प्रायोजन नगरेका कार्यक्रम)

- जिल्ला विकास समिति महासङ्घ नेपालले २ अप्रिल २०१० (२० चैत्र २०६६) मा संविधान निर्माण, राज्य पूर्नसंरचना र स्थानीय स्वशासन विषयक कार्यक्रमको आयोजना गऱ्यो ।
- नेपाल अर्न्तजातीय विवाह सुरक्षा समाजले ४ अप्रिल २०१० (२२ चैत्र २०६६) मा अर्न्तजातीय विवाह : चुनौती र अवसर विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।
- इस्लाम अगुवाहरुद्वारा ४ अप्रिल २०१० मा (२२ चैत्र २०६६) इस्लाम व्यक्तिगत कानुन विषयमा अन्तरक्रिया कार्यक्रममको आयोजना गरियो ।
- ७ अप्रिल २०१० (२५ चैत्र २०६६) मा महिला संविधान सभा सदस्यहरुद्वारा संवैधानिक मुद्दाहरुमा छलफलको आयोजना गरियो ।
- ८ अप्रिल २०१० (२६ चैत्र २०६६) मा आदिवासी जनजाती सभासद् सभा (कःकस) ले संविधान सभा सदस्यको बोलिभिया-गुवाटेमाला भ्रमण सम्बन्धी अनुभव आदानप्रदानको आयोजना गऱ्यो ।
- दलित अधिकार समिति (डिआरसी) को फलोअप समितिले ८ अप्रिल २०१० (२६चैत्र २०६६) मा मानव अधिकारकर्मीका लागि विश्वव्यापी आवधिक पुनरावलोकन अभिमुखीकरणको आयोजना गऱ्यो ।
- को-एक्सन नेपालले ९ अप्रिल २०१० (२७ चैत्र २०६६) मा विपत्ति जोखिम न्यूनीकरण र विपत्ति व्यवस्थापन ऐनका बारे संविधान सभा सदस्यको संवेदनशीलता वृद्धि विषयक कार्यक्रमको आयोजना गऱ्यो ।
- अन्तरदलीय महिला सञ्जालले ११ अप्रिल २०१० (२९ चैत्र २०६६) मा बर्दिया र धनुषा जिल्लाका महिलाको बलात्कार र हत्याको बारेमा छलफलको आयोजना गऱ्यो ।
- ११ अप्रिल २०१० (२९ चैत्र २०६६) मा मीन बस्नेतले सङ्घीयताका मुद्दा सम्बन्धी छलफलको आयोजना गर्नुभयो ।

- १५ अप्रिल २०१० (२ बैशाख २०६७) मा नेपाल आदिवासी जनजाती महासङ्घले समयोचित संविधान निर्माण विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

- आरएडीले २१ अप्रिल २०१० (८ बैशाख २०६७) मा संविधान निर्माण प्रक्रियामा विकट क्षेत्र र बुद्धिजीवीको भूमिका विषयक अन्तरक्रियाको आयोजना गऱ्यो ।

- युवा पत्रकार समूहले २२ अप्रिल २०१० (९ बैशाख २०६७) मा दवाव सिर्जनाका लागि युवा पत्रकारको भूमिका विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

- २२ अप्रिल २०१० (९ बैशाख २०६७) मा फोरम अफ फेडेरेशन (महासङ्घ सञ्जाल) ले सङ्घीय व्यवस्थामा राजधानीहरुको आर्थिक र राज्य व्यवस्था विषय अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

- नेपाल दलित साहित्य प्रतिष्ठानले २५ अप्रिल २०१० (१२ बैशाख २०६७) मा अन्तरक्रिया र पुस्तक विमोचन कार्यक्रमको आयोजना गऱ्यो ।

संविधान सभाकी महिला सभासद इन्द्र माया गुरुङसँगको अन्तर्वार्ता

इन्द्र माया : शारीरिक अपाङ्गता भएपनि सग्लो व्यक्तित्व !

उहाँ व्हिलचेयर बेगर हिंडडुल गर्न सक्नुहुन्न तर उहाँमा मानिसको कल्याणका लागि जस्तोसुकै कदम चाल्न सक्ने शक्ति छ । छ किलोमिटरको एकतर्फी बाटो पार गरेर दिनहुँ विद्यालय पुग्न सङ्घर्ष गरिरहनुहुँदा ३३ वर्षिया इन्द्र माया गुरुङले कहिले पनि आफू एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादी (एनेकपा-माओवादी) को सभासद भएर संविधान लेखन जस्तो ऐतिहासिक कार्यलाई योगदान गरौँला भनेर कल्पना गर्नुभएको थिएन । आज उहाँ संविधान लेखनमा योगदान मात्र गर्दै हुनुहुन्न, स्नातकोत्तरको पढाइलाई पनि सूचारु राख्दै हुनुहुन्छ । उहाँ पोलियो रोगका कारणले अपाङ्ग हुनुभयो, जसलाई गोर्खाका धेरै गाउँवासीले पूर्वजन्ममा उहाँका बाबु-आमाले गरेको 'पाप' का रुपमा बुझे । उहाँले बताए अनुसार अरु मानिसले आफू हिँडेको हेर्दा उहाँलाई लाज लाग्थ्यो । तर उहाँले अरुलाई आफ्नो अपाङ्गतालाई असक्षमता भनेर बुझ्न दिनुभएन ।

समय बित्दै जाँदा उहाँले आफ्नो अध्ययनलाई निरन्तरता दिँदै जानुभयो र अन्ततः एक स्थानीय विद्यालयमा शिक्षिका पनि हुनुभयो । यो विद्यालय उहाँको राजनीतिक जीवनको लागि राम्रो मञ्च बन्न पुग्यो । उहाँ एनेकपा माओवादीसँग आबद्ध अखिल नेपाल क्रान्तिकारी अपाङ्ग संघकी सक्रिय सदस्य पनि हुनुहुन्छ । विद्यालयमा पढाँउदा उहाँ यस्तो संस्था खोल्ने कल्पना गर्नुहुन्थ्यो जहाँ अपाङ्ग व्यक्तिहरुको सञ्जाल होस् र उनीहरुले एकत्रित रुपमा आफ्नो आवाज उठाउन पाऊन् । यति भनिसक्दा उहाँलाई के लाग्छ भने गैरसरकारी संस्था मात्र अपाङ्ग व्यक्तिको निम्ति आवाज उठाउन पर्याप्त हुँदैनन् किनभने उनीहरुका कतिपय मुद्दालाई सरकारले नै सम्बोधन गर्नुपर्छ । कुनै पनि समाजको सर्वव्यापी विकास गर्नका लागि अपाङ्ग व्यक्तिलाई छुटाउनै नहुने विचार गुरुङको छ । उदाहरणका लागि उहाँ भवन र लिफ्ट निर्माण गर्दा बढी ध्यान पुऱ्याउनुपर्ने विचार व्यक्त गर्नुहुन्छ ।

प्रश्न : नेपाल सरकारबाट संविधान सभाको सदस्यका रुपमा मनोनीत भएको थाहा पाउँदा यहाँलाई कस्तो लाग्यो ?

उत्तर : मनोनयनमा पर्दा मलाई खुशी लागेपनि मैले यो देशको कुल जनसङ्ख्याका ७ देखि १० प्रतिशत रहेका अपाङ्ग जनता प्रतिको मेरो उत्तरदायित्व महसुस गरेँ । त्यसबाहेक एनेकपा (माओवादी) को सदस्य हुनु त छदैँ थियो ।

प्रश्न : अहिले यहाँलाई कस्तो लाग्दैछ ?

उत्तर : विषयगत समितिको प्रतिवेदनहरु पढिसकेपछि मलाई ६०१ संविधान सभा सदस्यहरुमा हामी दुईजना मात्र अपाङ्ग भएपनि हाम्रा धेरै मुद्दाहरुको सम्बोधन गरिएकोमा खुशी लाग्दै छ ।

प्रश्न : अपाङ्ग व्यक्तिका रुपमा संविधान सभामा यहाँलाई पर्ने अप्ठ्याराहरुबारे भनिदिनोस् न ।

उत्तर : संविधान सभा भवन नै अपाङ्ग मैत्री छैन । उपयुक्त ऱ्याम्प नभएकोले गर्दा संविधान सभामा प्रवेश गर्न म सधैँ पछाडिको ढोकाको प्रयोग गर्छु । कहिलेकाहीँ त संविधान सभा भवन अगाडिको खुड्किला चढ्दैखेरि हाम्रो अधिकारको लागि सङ्घर्ष शुरु हुन्छ जस्तै लाग्छ । संविधान सभा सचिवालय पनि अपाङ्ग मैत्री छैन, तर सिंहदरबार भित्रका केही भवनमा भने अहिले ऱ्याम्प छन् । तर मानिसका विविध खालका अपाङ्गता हुन्छन् । जस्तै दृष्टिविहिन को लागि ब्रेल लिपिको आवश्यकता हुन्छ भने श्रवणविहिन को लागि साङ्केतिक भाषाको । यस्ता बाधाहरु पन्छाउन बेग्लै विधेयकको आवश्यकता छ जस्तो मलाई लाग्छ ।

विषयगत समितिका प्रतिवेदनमा अपाङ्गता भएका व्यक्तिका अधिकार समावेश गर्न मैले सक्दो प्रयास गरेँ । हामी दुईजना मात्र अपाङ्गता भएका भएतापनि अन्य संविधान सभा सदस्यले पनि अपाङ्ग व्यक्तिका अधिकारलाई पर्याप्त ध्यान दिइरहनु भएको छ । हामीले संविधान सभामा अपाङ्ग व्यक्तिको समावेशिताका लागि ज्ञापनपत्र नै बुझाएका भए पनि दुई वटा दलले मात्र अपाङ्ग व्यक्तिलाई समावेश गरे । अन्य प्रमुख दलले पनि अपाङ्ग व्यक्तिलाई चयन गरेका भए हाम्रो स्वर अझ प्रभावकारी ढङ्गले उठ्थ्यो । तैपनि समावेशी संविधान निर्माण प्रक्रियाले संविधान सभा भित्र र बाहिर विभिन्न अवसरमा हामीलाई आफ्नो आवाज उठाउने मौका दिएको छ । अर्को बाधा भनेको मनोवैज्ञानिक हुन्छ । कहिलेकाहीँ हाम्रा सहकर्मीले यस्ता शब्दको प्रयोग गर्नुहुन्छ जुन अपाङ्ग मैत्री नहुनुका साथै विभेदपूर्ण र अपमानजनक पनि हुन्छन् । यसमा सुधार गर्नु पर्छ । नयाँ संविधान सबै परिप्रेक्ष्यबाट अपाङ्ग मैत्री भए म यसबाट सन्तुष्ट हुनेछु ।

प्रश्न : हामीलाई यहाँको वैवाहिक जीवनको बारे भनिदिनोस् न ।

उत्तर : मेरो श्रीमान विदेशमा काम गर्नुहुन्छ । उहाँले मलाई गाउँमा पढाएको देख्नुभएपछि मप्रति आकर्षित भएर विवाहको प्रस्ताव राख्नुभयो । तर म अपाङ्ग व्यक्ति भएकोले गर्दा उहाँ म प्रति इमान्दार हुनुहुन्न भनेर मेरो परिवार यो विवाहको विरुद्ध थियो । मैले आफ्नो परिवार विरुद्ध विद्रोह गरेँ र उहाँसँग विवाह गरेँ । उहाँको परिवारबाट कुनै अवरोध नआएकोले विवाह पश्चात हामी सुखी जीवन बिताउँदै छौँ ।

प्रश्न : अन्त्यमा, संविधान लेखन प्रक्रियाको वर्तमान ढिलाइको बारेमा यहाँको के विचार छ ?

उत्तर : नयाँ संविधानको समयोचित घोषणाका लागि समय छोटिदैँ गए पनि सबै दलहरुबिच सहमति हुने सम्भावनाप्रति म पूर्ण विश्वस्त छु । यो सहमतिले नै हामीलाई नयाँ संविधान दिनेछ, जुन कैयौँ नेपाली जनताको वर्षौँदेखिको चाहना हो ।

नागरिक समाज परियोजनाका गतिविधिहरू

जनकपुरमा सङ्घीयता संवाद

सहभागितामूलक संविधान निर्माण सहायक परियोजना (एसपीसीविएन) नागरिक समाज परियोजना क्रियाकलाप

सङ्घीयता संवाद : जनस्तरका व्यक्तिका लागि सूचनाको पुल

जनकपुर : संविधान सभा सदस्यहरु नयाँ संविधानको पहिलो मस्यौदालाई अन्तिम स्वरुप दिन खटेर कार्य गरिरहेका बेला संवैधानिक संवाद केन्द्र (सिसिडी) - संयुक्त राष्ट्रसंघ विकास परियोजना (यूएनडीपी) को सहभागितामूलक संविधान निर्माण प्रक्रिया सहयोग अर्न्तगतको अभियान - ले अप्रिल २४-२६ (बैशाख ११-१३ २०६७) मा जनकपुरमा सङ्घीयता सम्बन्धी तीन दिने कार्यशालाको आयोजना गऱ्यो ।

त्रिभुवन विश्वविद्यालयका दुई राजनीतिक विश्लेषक - प्राध्यापक कृष्ण खनाल र प्राध्यापक कृष्ण हाछेथुले राज्य पूनःसंरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी संविधान सभा समितिको प्रतिवेदनको समीक्षा गर्नुभयो ।

राजनीतिशास्त्र केन्द्रीय विभागका प्राध्यापक कृष्ण हाछेथुले जनआन्दोलनका माध्यमबाट संविधान सभा निर्वाचनको माग गरेर होस् वा संविधान सभामा प्रतिनिधिका रुपमा होस्, जनता विभिन्न तरिकाले संविधान सभा निर्माण प्रक्रियामा संलग्न रहेका बताउनुभयो । त्यसैले संविधानमा सम्पूर्ण जनताको आवाज सम्मिलित हुन जनताले संविधान निर्माणको प्रक्रियाको गतिविधि बारे जान्ने अधिकार पाउनुपर्छ ।

प्राध्यापकहरुले सङ्घीयतासम्बन्धी प्रमुख मुद्दाहरु बारे जिल्ला प्रतिनिधि, राजनीतीक दलका स्थानीय कार्यकर्ता, नागरिक समाजका अगुवा, पिछडिएका समूहका प्रतिनिधि र स्थानीय सरकारी प्रतिनिधिसँग तथ्यपरक जानकारी र सुझाव बाँड्नुभयो ।

नेपालको अन्तरिम संविधान, २०६३ को चौथो संशोधनले नेपाललाई 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र ' का रुपमा स्थापना गरेपनि यो नयाँ संरचनाले राष्ट्रका निम्ति कस्तो अर्थ राख्छ भन्नेबारेमा सीमित संवाद वा छलफल मात्र भएका छन् । विशेषगरी काठमाडौँ बाहिर बसोबास गर्ने तथा आधुनिक सञ्चार र सूचनामा सीमित पहुँच भएका बहुसङ्ख्यक व्यक्तिमा यो लागु हुन्छ ।

प्राध्यापक कृष्ण खनालले नेपालजस्तो साँस्कृतिक र भाषागत विविधता भएको देशमा द्वन्द्व व्यवस्थापन कै निम्ति भए पनि सङ्घीयताको आवश्यकता रहेको बताउनुभयो । सङ्घीयताको अर्थ 'सम्झौता' पनि हो र यो 'मिलेर बस्ने' को धारणा हो भनेर उहाँले भन्नुभयो ।

खनालले हरेक क्षेत्रका व्यक्तिलाई नयाँ संविधानका प्रावधानका बारेमा जानकारी दिलाउनका निमित्त क्षेत्रीय स्तरमा जानकारीमूलक छलफलको आयोजना हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

दुवै प्राध्यापकले विभिन्न किसिमका शासनले प्रान्तीय संरचनामा पार्ने असर, सङ्घीयता र विकेन्द्रित सरकारका प्रकारको भिन्नता, अल्पसङ्ख्यक समूहका बारेमा प्रारम्भिक बुझाई, आर्थिक सङ्घीयता, प्राकृतिक श्रोत व्यवस्थापन र नागरिकता अधिकारको बारेमा जानकारी प्रदान गर्नुभयो । सहभागीहरुले विश्लेषण र छलफल गर्ने विषयवस्तु यिनै हुनेछन् ।

धनुषा प्रमुख जिल्ला अधिकारी हरि राज पन्तले राज्यले सङ्घीयता अपनाए राष्ट्र विखण्डित हुन्छ भन्ने डर जनमानसमा रहेकोले राष्ट्रको विखण्डन नहुने गरी सङ्घीय संरचनाको निर्माण हुनुपर्ने बताउनुभयो ।

सिसिडीका तर्फबाट 'सङ्घीयता संवाद' को उद्घाटन गर्दै एसपीसीबीएन-यूएनडीपीको नागरिक समाज पहूँच एकाइका नेता केइथ लेज्लीले जनवरी २००९ (पुष-माघ २०६५) देखि लगभग डेढ वर्ष यता सिसिडीले विविध संवैधानिक मुद्दाहरुमाथि विभिन्न कार्यक्रम सञ्चालन गरेको बताउनुभयो । "सिसिडीको सेवा अन्तर्गत हामी उक्त कार्यक्रमलाई काठमाडौं बाहिरका १४ वटा प्रस्तावित प्रान्तमा पुऱ्याउँदैछौं । भविष्यमा संविधान सभाले तोकेका प्रान्तहरुमा हाम्रो कार्यक्रम सञ्चालन गर्ने योजना छ । प्राध्यापक खनाल र हाछेथुबाट प्राप्त विज्ञता र प्राविधिक सहयोग लिएर हामी 'राज्य पूनःसंरचना र राज्य शक्तिको बाँडफाँड' समितिले पेश गरेको प्रतिवेदनको विश्लेषण गर्ने छौं । हामी विशेष गरी केन्द्र र प्रान्तका बीच सत्ताधिकारको हस्तान्तरण र यी प्रान्तका आवश्यकता तथा अपेक्षा माथि ध्यान दिनेछौं ।" लेज्लीले नेपालका सबै प्रस्तावित सङ्घीय राज्यमा सङ्घीयता संवाद श्रृङ्खलाको सञ्चालन हुने बताउनुभयो ।

मिथिला-भोजपुर-कोच-मधेशको प्रतिनिधित्व गरेर विभिन्न पृष्ठभूमिका ५५ सहभागीले यो कार्यशालामा सहभागिता जनाए । नेकपा एमालेको युथ फेडेरेशन (युवा महासङ्घ) की केन्द्रिय सदस्य रञ्जना सरकारले भन्नुभयो, "यो क्षेत्रमा यस्तो किसिमको संवादको कहिल्यै आयोजना भएको थिएन र यो खालको संवाद नियमित रुपले सञ्चालित हुनुपर्छ । मलाई संविधान सभाको विषयगत समितिहरुको प्रतिवेदनको बारेमा अलि अलि थाहा थियो तर गहन जानकारी थिएन । यो सङ्घीयता संवादले सङ्घीयताका बारेमा मेरा केही गलत धारणाहरुलाई स्पष्ट पार्न मद्दत गऱ्यो ।"

अर्का सदस्य, मधेसी गैससं महासङ्घका चुन्नी ठाकुरले भन्नुभयो, 'कार्यशालाले मलाई सङ्घीयताको अर्थ "मिलेर बस्ने" हो र यो सम्झौताको धारणा पनि हो भन्ने बुझ्न मद्दत गरेको छ ।"

बीबीसी विश्व सेवा ट्रष्टका गतिविधिहरू

१२-२३ अप्रिल २०१० (३० चैत्र २०६६ - १० बैशाख २०६७) को साझा सवाल अपडेट

समाजसेवा

- ७ मार्च (२३ फागुन २०६६) मा नेपालको एक विकट जिल्ला हुम्लाको जिल्ला सदरमुकाम नजिकै रेकर्ड गरिएको र १८ अप्रिल (५ बैशाख २०६७) मा प्रसारण गरिएको ।
- सकारात्मक परिवर्तनको लागि समाजसेवाको व्यक्तिगत प्रयास विषयक छलफलको विज्ञ मण्डलमा तीन सदस्य हुनुहुन्थ्यो : देशका विभिन्न भागका विपन्न वर्गका जनताका लागि गुणात्मक शिक्षाका प्रणेता उत्तम सञ्जेल, लगभग तीन दर्जन वृद्धा र पचास जना जति अनाथ

बालबालिकालाई आश्रय दिएर पालन पोषण गरिरहनु भएकी दिलशोभा श्रेष्ठ र समाज कल्याण परिषदका उपाध्यक्ष दाता राम खनाल ।

- यो छलफल समाजसेवा र राज्य उपयुक्त ढङ्गले क्रियाशील नभइरहेको स्थानहरुमा आफूले गर्ने सहयोगका बारेमा थियो ।

- यसमा जिल्लाका विभिन्न भागका करिब ३५० सहभागी हुनुहुन्थ्यो र कतिपयले अहिले नै आफ्नै व्यक्तिगत प्रयासद्वारा स्थानीय समाजलाई सहयोग गरिरहनु भएको छ ।

- यो कार्यक्रमको फलस्वरुप व्यवहारिक क्रियाकलापको थालनी भयो । उत्तम सञ्जेलले जुम्लामा 'समता' विद्यालय निर्माण कार्यको थालनी गर्नुभयो भने दिल शोभा श्रेष्ठले जुम्लाबाट ३६ बालबालिकालाई काठमाडौँ ल्याउनुभएको छ ।

शिक्षाको गुणस्तर

- यो कार्यक्रम २५ अप्रिल (१२ बैशाख २०६७) मा प्रसारण भएको थियो ।

- सो कार्यक्रमको लक्ष्य विद्यालय शिक्षा प्रणालीमा व्याप्त असमानता बारे छलफल गर्नु थियो । यसले सरकारी विद्यालयका अपर्याप्त श्रोत साधन र जीर्णावस्थाको पनि चर्चा गऱ्यो । यसैगरि कार्यक्रममा महँगो निजी शिक्षाबारे समेत छलफल गरियो ।

- विज्ञमण्डलमा शिक्षामन्त्री शर्वेन्द्र नाथ शुक्ल र शिक्षा विशेषज्ञ तथा विश्लेषक प्राध्यापक केदार भक्त माथेमा हुनुहुन्थ्यो ।

- मन्त्री शुक्लले सरकारी विद्यालयहरुको अल्प गुणात्मकता र चर्को शुल्क वृद्धिका विषयमा निजी विद्यालयहरुलाई नियन्त्रण गर्न सरकारी असमर्थतालाई स्वीकार गर्नुभयो ।

- अभिभावक, विद्यार्थी र शिक्षक सम्मिलत लगभग १०० सहभागी मध्ये धेरैजसोले सरकारी वा निजी नभई एउटा मात्र विद्यालय प्रणाली हुनुपर्ने मत व्यक्त गर्नुभयो ।

- यो कार्यक्रम प्रसारण भएको केही दिनमा नै निजी विद्यालयहरुले आफ्नो शुल्क वृद्धिको निर्णय फिर्ता लिए ।

आमहडताल र यसका राजनीतिक परिणाम

- यो श्रृङ्खला माओवादीले आयोजना गरेको अनिश्चितकालीन हडताल र यसले वर्तमान राजनीतिमा निम्त्याएको परिणामका बारेमा थियो । वरिष्ठ माओवादी नेता बाबुराम भट्टराई र नेपाली काँग्रेसका संसदीय नेता रामचन्द्र पौडेल हुनुहुन्थ्यो । उक्त कार्यक्रम २ मे (१९ बैशाख) मा कान्तिपुर टेलिभिजन स्टुडियोमा रेकर्ड भएको थियो र सोही साँझ प्रसारित गरिएको थियो । समाजका विविध तहको प्रतिनिधित्व गर्ने ३० सहभागी कार्यक्रममा उपस्थित थिए ।

- छलफलका क्रममा नेता भट्टराईले आमहडताल शान्ति र संविधानको लागि गरिएको तर्क राख्नुभयो । उहाँले प्रधानमन्त्रीले आफ्नो पदबाट राजिनामा नदिएसम्म हडताल फिर्ता नलिइने बताउनुभयो । अरु दलहरुले लगाइरहेका सत्ताकब्जाको आरोपलाई उहाँले अस्वीकार गर्नुभयो । उहाँ माओवादीको लक्ष्यका बारेमा अस्पष्ट हुनुहुन्थ्यो र माओवादीले सरकार परिवर्तन मात्र चाहेको हो अथवा सम्पूर्ण शासनप्रणालीमै परिवर्तन खोजेको हो भनेर बताउन सक्नुभएन ।

आमहडतालको नतिजा

- यो विशेष श्रृङ्खला थियो । हामीले साधारण जनतासँग कुराकानी गरेर र उहाँहरुको राय जानेर सडकमै कार्यक्रम रेकर्ड गर्‍यौं । हामीले सडकका छ व्यक्तिहरुसँग वार्तालाप गर्‍यौं । सडक अर्न्तवार्ताबाट दुई किसिमका विचारधारा देखा पर्दै थिए : पहिलो त राजनीतिक दलका नेताहरुले देश र जनताको हितलाई ध्यान नदिएको हुँदा जनता यी नेताहरुबाट आजित भएका ; र दोश्रो, राजनीतिक जडताको अन्त्य नभए प्रधानमन्त्री माधव कुमार नेपालले आफ्नो पदबाट राजीनामा दिनुपर्ने । आखिर उहाँ दुईवटा निर्वाचन क्षेत्रबाट पराजित भइसक्नु भएको छ ।

हामीले वर्षमान पुनलाई माओवादी हेडक्वार्टरमा र नेपाली काँग्रेसका डा. रामशरण महतलाई वहाँकै घरमा भेटेर अर्न्तवार्ता लियौं । डा. महतले माओवादी सेना समायोजनको निक्यौल नभएसम्म केही पनि अघि नबढ्ने बताउनुभयो भने पुनले चाहीँ वर्तमान सरकारको राजीनामाकै अडान लिनुभयो ।

संविधान निर्माणसम्बन्धी श्रोतसामग्री एवं पछिल्ला प्रकाशनहरू



फाइनान्स एण्ड गभर्नेन्स अफ क्यापिटल सिटिज इन् फेडेरल सिस्टमस् : (सङ्घीय प्रणालीमा राजधानीहरुको आर्थिक र राज्य व्यवस्था) : एनिड स्ल्याक र रुपक चट्टोपाध्यायद्वारा सम्पादित र महासङ्घ सञ्जाल (फोरम अफ फेडेरेशन्स) को लागि म्याक गिल क्विन्स युनिभर्सिटी प्रेसबाट २०१० (२०६६) मा प्रकाशित । विभिन्न राष्ट्रका राजधानी माथिको अंग्रेजी भाषाको यो कृतिले हरेक राजधानी शहरको राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गतिविधि, शहर र क्षेत्रबारे योजना बनाउने दायित्व,

शहरहरुको साङ्केतिक भूमिका, तटस्थता र समताका मुद्दा, र हरेकको लागतका आधारमा आर्थिक र शासकीय व्यवस्थाबारे छलफल गर्छ । यसले सङ्घीय व्यवस्था भएका विभिन्न देशहरुको क्षेत्रीय मुद्दाबारे पनि ज्ञान सङ्कलन गर्छ । (यो कृति सिसिडी पुस्तकालयमा उपलब्ध छ ।)

द इन्क्लुजिभ स्टेट : रिफ्लेक्शन्स अन रिइनभेन्टिङ नेपाल : आनन्द आदित्यद्वारा सम्पादित र एसएपी



पब्लिशिङ हाउसद्वारा २००७ (२०६४) मा प्रकाशित । यो अंग्रेजी भाषाको प्रकाशन एसएपी-एन को सामाजिक समावेशीताका माध्यमबाट राष्ट्रको समतामूलक विकास वृद्धिको लक्ष्य राख्ने ज्ञान-निर्माण प्रक्रियाको एउटा श्रृङ्खला हो । **समावेशी राज्य** सामाजिक बहिष्करणका विभिन्न पाटाका बारे चिन्तन वा कार्य गरिरहेका व्यक्तित्वहरुको विचार र विश्लेषण प्रस्तुत गर्ने संस्थागत प्रयास हो । (यो कृति सिसिडी पुस्तकालयमा उपलब्ध छ ।)

सङ्घीय शासन प्रणाली : राज्यको पुनसंरचना : २०६४ (२००७) मा अधिवक्ता चन्द्रकान्त ज्ञवालीद्वारा लिखित तथा अमिता ज्ञवाली र जनसेवा प्रिन्टर्सद्वारा प्रकाशित । यो कृतिले सङ्घीय राज्य प्रणाली ; स्वतन्त्र र सक्षम सङ्घीय न्यायिक प्रणाली ; विश्वव्यापी व्यवस्थामा वर्तमान राज्य प्रणाली ; विश्वव्यापी परिप्रेक्ष्यमा विविध निर्वाचन पद्धति र नेपालमा यसको अभ्यास ; स्वनिश्चयको अधिकार आदिका बारेमा व्याख्या गर्छ । (यो कृति सिसिडी पुस्तकालयमा उपलब्ध छ ।)



सेक्युरिटी सेक्टर लेजिस्लेशन अफ द फेडेरल डेमोक्रेटिक रिपब्लिक अफ नेपाल (सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक राज्य नेपालको सुरक्षा क्षेत्र ऐन) : नेपालको सुरक्षा क्षेत्रका बारेमा अर्न्तराष्ट्रिय र नेपाली



कानूनी विशेषज्ञहरुको व्याख्यात्मक विवरणहरुको सङ्कलनले यो क्षेत्रका बारेमा उदियमान छलफललाई सहयोग र प्रेरित गर्ने दिने लक्ष्य राखेको छ । सुरक्षा क्षेत्रको वर्तमान ऐनका शक्ति र कमजोरी पत्ता लगाउन, वर्तमान ऐनको पुनरावलोकनको आवश्यकता निक्यौल गर्न र ऐनमा नयाँ सामग्रीहरु थप्नुपर्ने सम्भावित आवश्यकता बारे जानकारी लिन यो प्रकाशन स्थानीय निकायहरु (संविधान सभाका सदस्य, नागरिक समाज, राजनीतिक दल, सुरक्षा प्रदायक, आदि) का लागि उपयोगी साधन हुनेछ । सुरक्षा क्षेत्र ऐनको विश्लेषण गर्ने यो प्रक्रिया नेपालको सूचारु शान्ति प्रक्रियाको महत्पूर्ण पाटो हो ।